नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

राष्ट्रिय किताबखाना (प्रहरी)

## आ.व. २०८२।८३ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी

### अत्यन्त जरुरी सूचना

भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० को उपदफा (१), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) उपदफा (१) एवं प्रहरी नियमावली, २०७१ को नियम ९५ बमोजिम, सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ९७ बमोजिम, राष्ट्रिय सतर्कता प्रहरी नियमावली, २०७१ को नियम ४७ बमोजिम तथा नेपाल विशेष सेवा नियमावली, २०४४ को नियम १७.११ बमोजिम आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र अर्थात मिति २०८१ भाद्र २९ गते भित्र नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ बैशाख ६ को नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना बमोजिमको सम्पत्ति विवरण फाराम भरी खाम बाहिर लेख्ने देहायका विवरण उल्लेख गरी नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग तथा राष्ट्रिय सर्तकता केन्द्रका प्रहरी तर्फका कर्मचारीहरु समेतले आ-आफ्नो सम्पत्ति विवरण बुझाउने सम्बन्धी सूचना गोरखापत्र राष्ट्रिय दैनिकमा मिति २०८३।०३।२५ मा प्रकाशित गरिएको छ । यो सूचना यस किताबखानाको सूचना पाटीमा समेत टाँस गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

आ.व. २०८२।८३ को सम्पत्ति विवरण

| | |
|---|---|
| कर्मचारीको संकेत नंः- | श्रेणी/तहः- |
| नाम थरः- | कार्यरत कार्यालयः- |
| पद/दर्जाः- | मोबाईल नः- |
| सेवा/समुहः- | ईमेल ठेगानाः- |

१. निम्न प्रक्रिया पुरा नगरी पेश हुन आएको सम्पत्ति विवरण दर्ता गरी अभिलेख राखिने छैन ।
   (क) कर्मचारीको संकेत नम्बर नमिलेको वा उल्लेख नभएको,(ख) हालको पद र कार्यालय नखुलेको वा नमिलेको, (ग) खाम बन्दी नभएको,(घ) एक भन्दा बढी कर्मचारीको सम्पत्ति विवरण एउटै खाममा रहेको तथा आर्थिक वर्ष नखुलेको (ङ) तोकिएको मितिसम्म प्राप्त हुन नआएको ।

२. तोकिएको ६० दिन पछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन ।

३. आ.व.२०८२।८३ मा अर्थात मिति २०८२।०४।०१ गते देखि २०८३।०३।३२ गते सम्म सेवा निवृत्त (अवकाश, राजिनामा वा अन्य तरिकाले सेवाबाट अलग) कर्मचारीहरुले पनि अनिवार्य रुपमा सो आ.व. को सम्पत्ति विवरण बुझाउनु पर्ने व्यवस्था भएकोले सम्बन्धित कार्यालयले सो विषय सम्वन्धित सबैलाई जानकारी गराई अनिवार्य सम्पत्ति विवरण भराउने व्यवस्था मिलाई सो सम्पत्ति विवरण समेत यस किताबखानामा बुझाउने व्यवस्था मिलाउनु पर्नेछ ।

४. कुनै पनि कर्मचारीको सम्पत्ति विवरण दर्ता भए पछि निजहरुले खाममा उपलब्ध गराएको निजहरुको नेपाल टेलिकम र एनसेलको मोबाईल नं. मा SMS बाट जानकारी गराईने हुँदा साविकमा प्रयोग भईरहेको मोबाईल नं. उल्लेख गर्नु पर्नेछ।

५. खाममा नाम संकेत नं. र मोबाईल नं. फरक परी सम्पत्ति विवरण दर्ता नभएमा सम्बन्धित व्यक्ति स्वयम् जिम्मेवार हुनेछ।

६. करारमा कार्यरत कर्मचारीहरुको सम्पत्ति विवरण राष्ट्रिय सतर्कता केन्द्रमा अनलाईन दर्ता गरी उक्त सम्पत्ति विवरणको खाम सम्बन्धित सेवा समूहको मन्त्रालयमा बुझाउनु पर्नेछ।

७. सम्पत्ति विवरण पेश गर्नुपर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा पनि सम्पत्ति विवरण बुझ्ने प्रयोजनको लागि यो किताबखाना खुल्ला रहनेछ ।

८. सम्पत्ति विवरण फाराम यसै website बाट download गर्न सकिनेछ ।

९. सम्पत्ति विवरण दर्तासँग सम्बन्धित कुनै समस्या वा गुनासो भएमा यस किताबखानाको टेलिफोन नं ०१-४५३१८२३, मोबाईल नं ९८५१०१०२५० (प्र.ना.नि.नेपाल प्रहरी,) ९८५१२५८१४२ (स.प्र.ना.नि. सशस्त्र प्रहरी बल नेपाल), ९८१४३४८७६६( शाखा अधिकृत),९८५१०९७६२२ (सूचना अधिकारी) वा ईमेल नं hellodppr@gmail.com मा ईमेलबाट जानकारी लिन सकिन्छ ।

१०. अध्ययन बिदा, असाधारण बिदा र अन्य विदा, अस्पतालमा भर्ना भई वा अशक्त भई बिदामा, तालिम, काज वा निलम्बनमा रहेका कर्मचारीले समेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० (२) (क) बमोजिम तोकिएको मितिभित्र सम्पत्ति विवरण बुझाउनु पर्नेछ।

प्रि.उपमहानिर्देशक

११.भ्रष्टचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) बमोजिम नयाँ नियुक्ति भएको प्रत्येक राष्ट्रसेवकले ६० दिन भित्र सम्पत्ति विवरण पेश गर्नुपर्ने कानूनी व्यवस्था भएकोले सम्बन्धित सबै नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान बिभाग र राष्ट्रिय सतर्कता केन्द्रका प्रहरी तर्फका कर्मचारीहरुले तोकिएको म्यादभित्र सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

१२.मिति २०८१।१२।०३ मा संशोधन भएको भ्रष्टचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ५० को उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र सम्पत्ति विवरण नबुझाएमा रु. १०,०००। (दश हजार रुपैयाँ) जरिवाना हुने व्यवस्था रहेको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

१३.तोकिएको समयमा सम्पति विवरण नबुझाउनेको विवरण अख्तियार दुरुपयोग अनुसन्धानआयोगबाट प्राप्त भएपछि सम्बन्धित किताबखानाले आ-आफ्नो अभिलेख रुजु गरी संघीय राजस्व खाता शीर्षक नं. १४३१२ वा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोड नं. २०६००३५०१ खुलाई सरकारी कारोबार गर्ने बैंकहरुमा जनही रु १०,०००/-(दश हजार) दाखिला गर्न र ३० दिनभित्र तोकिएको निकायमा सम्पति विवरण पेश गर्ने गराउनु हुने नियमानुसार अनुरोध छ भनि अख्तियार दुरुपयोगको अनुसन्धान आयोगको प.स. ६/०८२/०८३ (सम्पति विवरण) मिति २०८३।०३।१५ बाट उल्लेख भइ आएकोले सोही अनुसार गर्नु गराउनु हुन।

१४.अवकाश भएको आर्थिक बर्षको सम्पति विवरण समेत सम्बन्धित कर्मचारीले भरी पेश गर्नु पर्नेछ।

१५.असाधारण वा अध्ययन विदामा रहेका वा अस्पताल भर्ना भई विदामा रहेका वा नेपाल सरकारको निर्णयबाट तालिम, अध्ययन, सम्मेलन वा वार्ताको विदामा रहेका वा काजमा खटिएका राष्ट्रसेवकले त्यस्तो विदा वा काज समाप्त भै सम्बन्धित कार्यालयमा हाजिर हुन पर्ने मितिले ३० दिन भित्र सम्पति विवरण पेश गर्नु पर्नेछ।

नि. उपमहानिर्देशक,